# हिमा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## कालिकाखेत,जुम्ला.
## कर्णाली प्रदेश

# सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७-०६-१३)

हिमा गाउँपालिकाको मिति २०७७-०६-०४ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित कोभिड-१९ अस्थायी अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतु जुम्लाको लागि सेवा करारमा पदपूर्तिका लागि निम्न पदमा निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग बमोजिमका आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुनु अनुरोध छ।

**क.आवश्यक पद र न्यूनतम योग्यता -**

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्युनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | २/२०७७/०७८ | मेडिकल अधिकृत | अधिकृत आठौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Medical Officer(MBBS) उत्तिर्ण भई नेपाल मेडिकल काउन्सिलमा दर्ता तथा नविकरण गरेको हुनुपर्ने। |
| २ | ३/२०७७/०७८ | स्टाफ नर्स | पाँचौ तह | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग तह उत्तिर्ण भई नेपाल नर्सिङ्ग परिषदमा दर्ता तथा नविकरण गरेको हुनुपर्ने। |
| ३ | ४/२०७७/०७८ | कार्यालय सहयोगी | श्रेणी विहिन | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ उत्तिर्ण गरेको हुनुपर्ने। |

**ख)उमेर:-** कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको, प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको हुनुपर्नेछ।

**ग)दरखास्त दिने स्थान:-** हिमा गाउँपालिकाको कार्यालय,प्रशासन शाखा,कालिकाखेतु,जुम्ला।

**घ)दरखास्त दिने अन्तिम मिति :-**२०७७ अशोज २७

**ङ)आवेदनको दस्तुर:-**मेडिकल अधिकृतको लागि रु. १०००(अक्षरुपी रु एक हजार मात्र),स्टाफ नर्सको लागि रु ४००(अक्षरुपी रु चार सय मात्र), र कार्यालय सहयोगीको लागि रु ३००(अक्षरुपी रु तिन सय मात्र), नेपाल ईन्भेष्टमेन्ट बैकं कालिकाखेतु मा रहेको हिमा आरएम आन्तरिक राजश्व खाता नम्बर ०७४०१४००२५००३० जम्मा गरेको सक्कल रसिद दरखास्त फाराम सहित बुझाउन पर्नेछ।

**च)छनौटको किसिम:-** लिखित परीक्षा र अन्तवार्ता।

**छ)आवेदन साथ संलग्न कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता • न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र • अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**ज) सेवा सुविधा-**कोभिड १९ अस्थायी अस्पताल सञ्चालन निर्देशिका २०७७ तथा गाउँपालिकाको नियमानुसार रहनेछ।

**झ)थप जानकारिको लागि -** सम्पर्क नम्बर:-९८४८१५६७०३(प्रशासन शाखा),९८६८३९८८६९(स्वास्थ्य शाखा)मा सम्पर्क गर्न सक्नुहुनेछ।

नोट:- आवेदनको ढाँचा हिमा गाउँपालिकाको प्रशासन शाखामा उपलब्ध हुनेछ ।

मीन बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत